# ५. येशूको रगत

क. मुख्य पदहरु

| | |
|---|---|
| यूहन्ना ६:५३-५७ | लेवी १७:११ |
| १यूहन्ना १:७ | १पत्रस १:१८-२० |
| हिब्रु ९:११-२८ | |

ख. येशूको रगतले हाम्रो निम्ति के गर्छ ?

१. येशूको रगतद्वारा हामीले छुटकारा पाएका छौं. शैतानको हात तथा शक्तिबाट हामी छुटाइएका छौं (एफिसी १:७, हिब्रु ९:१२).

२. यदि हामीले हाम्रा पापहरु स्वीकार गर्छौं भने येशूको रगतद्वारा सबै पापहरु क्षमा गरिएका हुन्छन. येशूको ज्योतिमा हामी उहाँसँग हिंडदा उहाँको रगतले हाम्रा सबै पापबाट हामीलाई निरन्तर धोइराख्छ (१यूहन्ना १:७-९).

३. कहिल्यै पाप नगरे जस्तैगरी उहाँको रगतले हामी धर्मी र निष्कलंक बनाइएका छौं. हामीलाई उहाँको धार्मिकताको वस्त्र पहिराइएको छ (रोमी ५:९). ऊ आफू कहिल्यै त्यस्तो बन्न नसक्ने भएपनि ख्रीष्टमाथि भरोसा गरेपछि ऊ अब परमेश्वरले चाहनुभएजस्तै नै बन्नेछ (२कोरिन्थी ५:२१).

४. आवश्यक परेका कुनैपनि बेला येशूको रगतद्वारा परमेश्वरको उपस्थितिमा हाम्रो पहुंच हुन्छ र यसरी कृपा र सहायता उहाँबाट प्राप्त गर्नसक्छौं.

५. येशूको रगतद्वारा हामी पवित्र तुल्याइएर परमेश्वरको निम्ति छुट्ट्याइएका छौं.

६. येशूको रगतले हाम्रो विवेक सबै अपराधबोधदेखि धोइएका छन् र हाम्रो शरीर, मन, प्राण र आत्मा उहाँको सेवा गर्नको निम्ति हामी स्वतन्त्र छौं.

७. त्यसकारण शैतानमाथि हाम्रो विजय भएको छ. थुमाको रगत र हाम्रो मुखको साक्षीद्वारा हामीले शैतानलाई जितेका छौं. यसकारण मृत्यु पर्यन्त हामी आफैंलाई मात्र माया गर्नेछैनौं.

ग. रगत किन ?

पुरानो नियमको समयमा परमेश्वरको उपस्थितिलाई सांकेतिक रुपमा लिइने बाचाको सन्दुकमा बलिदान गरिएको जनावरको रगत छर्कन (हाल्न) प्रत्येक वर्ष मुख्य पूजारी महापवित्र स्थानमा प्रवेश गर्थ्यो. त्यो वर्ष सम्पूर्ण देशले गरेको पापको परमेश्वरको उपस्थितिमा अस्थायी प्रायश्चित गर्ने चलन थियो. लेवी १७:११ ले रगतको महत्वपूर्ण पक्षको बयान गरेको छ.

यहाँ दुईवटा बुँदामाथि ध्यान पुऱ्याउनु आवश्यक छ. पहिलो - रगत बलिदान गर्नु इश्वरीय प्रावधान हो (परमेश्वरले नै जुटाउनु भएको), "मैले तिमीलाई दिएको छु." दोश्रो - रगतको प्रयोग मूल्य चुकाउने एक किसिमको कार्य पनि हो: प्रायश्चित गर्नु वा मिलाप गर्नुको मतलव बिग्रेको कुरा बनाउनु वा दण्ड बापत जरिवाना तिर्नु हो. पाप समस्या हो भने रगत छुटकाराको मूल्य हो जसले हामीलाई बन्धकीबाट निखनेको छ अथवा पापको परिणाम मृत्युदेखि उद्धार गरेको छ. पापको दण्ड मुताबिकको मूल्य रगतले तिरेको छ. त्यसकारण पापको मूल्यका रुपमा जीवन बलिदान गरिएको छ.

ख्रीष्ट येशू पापरहित बलिका रुपमा आउनुभयो, आफ्नै जीवन दिनुभयो र आफ्नै रगत बगाउनुभयो ताकि ती जसले उहाँमा विश्वास गर्छन् र उहाँलाई प्रभु मानिलिन्छन् तिनीहरु आफ्नै पापको निम्ति मर्नु नपरोस. हाम्रा पापहरु मेटाउन उहाँले एउटा बाटो तयार पार्नुभयो. हाम्रो पापको निम्ति उहाँले मूल्य चुकाउनुभयो र क्रूसको मृत्युबाट हाम्रो लागि अनन्त छुटकारा प्राप्त गर्नुभयो (कलस्सी १:१३-१४). यो काम उहाँले एकैचोटी मात्र गर्नुपऱ्यो किनकि मानिसहरुलाई बन्धकीबाट परमेश्वरले यो कार्यद्वारा निखन्नुभयो. परमेश्वरको दृष्टिमा निष्कलंक हुनको निम्ति यस्तो मूल्य चुकाउनु आवश्यक थियो (हिब्रु ९:२२). परमेश्वरले पापको दण्ड मृत्यु तोक्नुभयो. त्यसपछि हाम्रो निम्ति उक्त मूल्य चुकाउन आफ्नो एउटै छोरालाई यस संसारमा पठाउनुभयो. उहाँले हाम्रो निम्ति रगत बगाएर मर्नुभयो. येशूलाई आफ्नो प्रभु र मुक्तिदाता स्वीकार गरेर हामी उहाँले गर्नुभएको यो कामबाट फाइदा लिनसक्छौं. त्यसरी हामी अन्धकारको राज्यदेखि बचाइएर परमेश्वरको राज्यको एक हिस्सा हुनसक्छौं.

## घ. येशूको रगतले हाम्रो दैनिक जीवन कसरी प्रभावित हुन्छ ?

१. <u>विद्रोहमाथि विजय</u>

गेत्समनीको बगैंचामा येशूले प्रार्थना गर्नुभयो

*"मेरो हैन, तपाईंको इच्छा पूरा होस."* लूका २२:४२

मृत्युको ठूलो सकस उहाँमाथि परेकोले रगत र पानी मिसिएका ठूल्ठूला थोप्लाहरु उहाँको मुहारबाट भूईंमा झरे. बगैंचामा चुहेको त्यो रगतले एउटा विशेष प्रकारको छुटकारा - विद्रोहबाट छुटकारा अर्थात परमेश्वरको इच्छाको विरोधमा आफ्नै इच्छालाई ठूलो गन्ने, स्वयंको मन मुताविक आफ्नै इच्छामा हिंडेवापत उत्पन्न परिणामहरुबाट छुटकाराको तथ्यलाई देखाउंछ. आदमको समयदेखि नै मानवजातिले परमेश्वरको इच्छालाई कुल्चेर आफ्नै इच्छा पूरा गर्ने गरेको छ. आफ्नो सामर्थ्यले भ्याएसम्म बेला-बेलामा उसले परमेश्वरको इच्छा व्यवस्था बमोजिम पूरा गर्ने गरेको छ, तर व्यवस्था पूरा गर्ने सामर्थ्य ऊ स्वयंमा छैन. येशूले, "मेरो इच्छा होइन, तपाईंको इच्छा पूरा होस" भन्ने प्रमुख पूजारीको प्रार्थना गर्नुभयो, उहाँले सांच्चै नै प्रधान पूजारीको हैसियतले हामी सबैको परमेश्वरको सामू प्रतिनिधित्व गर्नुभयो. त्यो प्रार्थना गरेर उहाँले आफ्नो रगत बगाउनुभयो र हाम्रो स्वार्थी इच्छालाई स्वतन्त्र पार्नुभयो ताकि हामी पनि, "मेरो हैन, तपाईंको इच्छा पूरा होस" भन्नसकौं.

२. <u>येशूले कांडाको मुकुटद्वारा आफ्नो रगत बगाउनुभयो</u>

परमेश्वरले पापलाई दिनुभएको श्रापको प्रतीक कांडा हो (उत्पत्ति ३:१८). येशूले हाम्रो छुटकाराको निम्ति क्रूसमा कष्ट भोग्दा श्रापको प्रतीकको रुपमा कांडाको मुकुट निधारमा पहिरनु उहाँलाई सुहाउंथ्यो (मत्ती २७:२९) उहाँले श्राप आफैंमाथि लिनुभएको तथ्यलाई यसरी देखाउनुभयो. बगाइएको रगतले पापको श्रापबाट भएको छुटकारालाई देखाउंछ.

३. <u>कोर्राको चोटबाट बगेको रगत</u>

यो रगत येशूको पिठ्यूँबाट बगेको थियो. यशैया ५३:५ ले भनेझैं हामी (कोर्राको चोटबाट भएको) घाउबाट निको भएका छौं. यो आत्मा, प्राण, मन र शरीर, यहाँसम्मकि हाम्रा विचार तथा सम्वन्धहरुको सम्पूर्ण चंगाई हो. पीडा र रोगहरु पापका परिणाम हुन तर येशूको रगतले पापको त्यो श्रापबाट हामीलाई छुटकारा दिएको छ.

४. <u>कलवरीको क्रुसमा येशूको रगत बगाइयो</u>
येशूको हात र गोडामा फलामको कीला गाडेर उहाँलाई क्रूसमा राखियो. त्यहाँ बगाइएको रगत परमेश्वरको न्याय र पापदेखि हामीलाई अनन्तसम्म छुटकारा दिन र बचाउन पर्याप्त थियो.

ङ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. पापको मूल्य चुकाउन परमेश्वरले किन रगतलाई छान्नुभयो ?
२. येशूले आफ्नो जीवन दिनुअघि उहाँले २४ घण्टासम्मको पीडा किन सहनुपऱ्यो ? छलफल गर्नुहोस्.
३. गेत्समनीको बगैचामा येशूलाई त्यस्तो अवस्थाबाट गुज्रनु किन आवश्यक थियो ? (लूका २२:३९-४६)
४. परमेश्वर पिताकोमा पुग्न येशूको रगतले हामीलाई किन ढोका खोलिदियो ?
५. येशूको रगतले हामीलाई किन पवित्र तुल्यायो ? (हिब्रु १३:१२)
६. मानिसले गरेको पहिलो पापको प्रायश्चितको निम्ति परमेश्वरले अदनको बगैंचामा के कुरा प्रयोगमा ल्याउनुभयो ? (उत्पत्ति ३:२१)
७. प्रभु भोजमा उहाँको रगत पिउने प्रतीकात्मक व्यवस्था येशूले किन लागु गर्नुभयो ? (यूहन्ना ६:५३-५७, मत्ती २७:२९)

च. सारांस तथा प्रयोग

१. हामीलाई पापका परिणामहरुबाट मोल तिरेर छुटकारा दिलाउन येशूको रगत पर्याप्त छ र यसले हामीलाई परमेश्वरसित पुन: सम्बन्ध जोडन बाटो खुलाएको छ.
२. यदि हामी हाम्रा पाप स्वीकार गर्दै परमेश्वरसित ज्योतिमा हिंड्यौं भने येशूको रगतले हामीलाई हरेक पापहरुबाट शुद्ध पार्छ.
३. येशूको रगत केवल एकचोटी बगाउनु नै पर्याप्त थियो किनभने उहाँ सिद्ध बलि हुनुभएकोले परमेश्वरलाई त्यो सधैंको निम्ति स्वीकारयोग्य थियो.
४. हाम्रो दैनिक जीवनमा परमेश्वरको सेवामा फलदायी हुनका निम्ति येशूको रगत प्रभावकारी छ. स्पष्ट विवेकका साथ परमेश्वरको शान्ति हाम्रो हृदयमा वास गर्दछ.
५. शरीर, प्राण र आत्मामा सम्पूर्ण चंगाई प्राप्त गर्न येशूको रगतले हामीलाई मदत गर्दछ.